राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ३२५ २०८३ असार १० गते बुधवार (24 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## रास्वपामा ५ लाखभन्दा बढी सदस्य, मधेसमा सबैभन्दा धेरै

दैनिक समाचारदाता

चितवन ९ असार । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा सदस्यता लिनेको संख्या ५ लाख २३ हजार ४६५ पुगेको छ।

महाधिवेशनमा महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको संगठनात्मक प्रतिवेदनमा उक्त तथ्यांक उल्लेख गरिएको हो।

प्रतिवेदनअनुसार पार्टीमा पुरुष सदस्य ३ लाख ९६ हजार ७८९ र महिला सदस्य ८९ हजार ८९६ रहेका छन्। प्रदेशगत वितरणमा सबैभन्दा बढी सदस्य मधेस प्रदेशमा रहेका छन्। कुल सदस्यमध्ये मधेसमा २३.३ प्रतिशत, बागमतीमा २०.५ प्रतिशत, कोशीमा १४ प्रतिशत, लुम्बिनीमा १४.५ प्रतिशत, गण्डकीमा ११.८ प्रतिशत, सुदूरपश्चिममा १०.६ प्रतिशत र कर्णालीमा ५.२ प्रतिशत सदस्य रहेको प्रतिवेदनमा उल्लेख छ। रास्वपाको सदस्यता विस्तार पछिल्लो समय देशव्यापी रूपमा बढिरहेको प्रतिवेदनमा जनाइएको छ।

## रास्वपा महाधिवेशनः मतदान आज

दैनिक समाचारदाता

चितवन, ९ असार । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नयाँ नेतृत्व चयनका लागि बुधबार निर्वाचन हुने भएको छ। महाधिवेशनअन्तर्गत आजको बन्दसत्र सम्पन्न भएपछि निर्वाचन प्रक्रिया औपचारिक रूपमा अघि बढाइने तयारी गरिएको छ। रास्वपाको केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार मंगलबार दिउँसो २ बजे सुरु हुने बन्दसत्र साँझ ६:४५ बजे सम्पन्न हुनेछ। त्यसपछि निर्वाचन तालिका सार्वजनिक गरिनेछ।

निर्वाचनमा आधुनिक विद्युतीय मतदान प्रणाली प्रयोग गरिने भएको छ। महाधिवेशनमा प्रत्यक्ष सहभागी हुन नसकेका विदेशस्थित प्रतिनिधिहरूका लागि पार्टीको आफ्नै मोबाइल एपमार्फत मतदान गर्ने व्यवस्था मिलाइएको छ।

## रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाइबाट रेबिज मानिसमा सर्न सक्छ ।

**यसबाट बच्नः**

- घरपालुवा जनावरलाई नियमित रूपमा रेबिज विरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिककै स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेबिज विरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुला रूपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

**रेबिज लाग्न नदिन समयमा विचार पुर्याऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मधेश 'आँप राजधानी'
# उत्पादन उच्च, बजारीकरण चुनौती



दैनिक समाचारदाता

जनकपुरधाम, ९ असार । मधेश प्रदेशलाई अन्नको भण्डारसँगै देशको 'आँप राजधानी' पनि भनिन्छ । देशभर उत्पादन हुने कुल आँपमध्ये तीन चौथाइभन्दा बढी आँप मधेशमै उत्पादन हुने भएकाले यो उपाधि दिइएको हो। बम्बई, माल्दा, दसहरी, कृष्णभोग, आम्रपाली, कलकतिया, जर्दालुलगायत ४० भन्दा बढी जातका आँप यहाँ उत्पादन हुन्छन् । उर्वर भूमि, अनुकूल हावापानी र किसानको परिश्रमका कारण मधेश आँप उत्पादनको प्रमुख केन्द्र बनेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका अनुसार नेपालभर ४२ हजार ७७३ हेक्टर क्षेत्रमा आँप खेती हुँदै आएको छ, जसबाट वार्षिक ५ लाख १३ हजार ५५ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसमध्ये मधेश प्रदेशमा मात्रै २९ हजार ९९ हेक्टर क्षेत्रमा आँप खेती हुँदै वार्षिक ३ लाख ९५ हजार ७९४ मेट्रिक टन उत्पादन हुने गरेको छ।

उत्पादनका हिसाबले सिराहा अग्रस्थानमा रहेको छ, जहाँ वार्षिक १ लाख ४ हजार ६७६ मेट्रिक टन आँप उत्पादन हुन्छ। त्यसपछि सप्तरीमा ९६ हजार, रौतहटमा ६२ हजार ५६१, सर्लाहीमा ३९ हजार ११८, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, बारामा १९ हजार २६९ र पर्सामा ४ हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ। तथ्याङ्कअनुसार देशको कुल आँप उत्पादनमा मधेश प्रदेशको योगदान ७७.१ प्रतिशत छ।

धनुषाको बटेश्वरका युवा फुलगेन महतोका अनुसार मधेश आँप उत्पादनको केन्द्र भए पनि बजारीकरणमा समस्या छ। किसानहरूले अहिले प्रतिकिलो ३० देखि ५० रुपैयाँमा आँप बिक्री गर्न बाध्य छन्।

उनले आँपको बजारीकरण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विगत तीन वर्षदेखि बटेश्वरमा आँप मेला(महोत्सव आयोजना गर्दै आएको बताए। उनका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका युवासमेत आधुनिक बगैंचा स्थापना गरी आँप खेतीतर्फ आकर्षित भइरहेका छन्।

नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ, मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले स्थानीय आँपको भण्डारण र व्यवस्थित बजारीकरण आवश्यक रहेको बताए। उनले सिजनपछि पनि आँप बिक्री गर्ने व्यवस्था मिलाउन सके किसानले राम्रो मूल्य पाउने उल्लेख गरे।

उनका अनुसार आँपबाट अचार, अमोट, जाम, जुस, स्क्वासलगायत उत्पादनको व्यावसायिक विकास गर्न सकिने सम्भावना छ। साथै 'म्याङ्गो टुरिजम' मार्फत आँपलाई पर्यटनसँग जोड्न सकिने उनको भनाइ छ।

नेपाल उद्योग परिसङ्घ, मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले आँपलाई अब घरेलु उत्पादनबाट अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन प्रशोधन, ब्रान्डिङ र निर्यातमा राज्यले ध्यान दिनुपर्ने बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका सचिव डा. सञ्जयकुमार यादवले आँप उत्पादनलाई आधुनिक, प्रविधिमैत्री र निर्यातमुखी बनाउने योजनामा मन्त्रालयले काम गरिरहेको बताए। उनका अनुसार प्रशोधन केन्द्र, भण्डारण सुविधा र जुस, अचार, पाउडरजस्ता उत्पादन विस्तार गर्ने तयारी भइरहेको छ।

मधेशको माटो र जलवायु आँप खेतीका लागि अत्यन्त उपयुक्त मानिन्छ। उत्पादनसँगै उचित बजारीकरण र औद्योगिक उपयोग विस्तार गर्न सके मधेश प्रदेशको आर्थिक समृद्धिमा आँप क्षेत्रले ठूलो योगदान पुर्याउने सरोकारवालाहरूको भनाइ छ।

## होल्डिङ सेन्टरका सुकुमवासीलाई ५ दिनभित्र स्थान खाली गर्न निर्देशन

दैनिक समाचारदाता

काठमाडौं, ९ असार । सरकारले सबै होल्डिङ सेन्टरमा रहेका सुकुमवासीलाई सरकारले दिने सेवा(सुविधा लिएर पाँच दिनभित्र बसेको स्थान खाली गर्न निर्देशन दिएको छ।



अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले होल्डिङ सेन्टरमा रहेका परिवारलाई सरकारले दिने भनिएको २५ हजार रुपैयाँ एकमुष्ट लिएर स्थान खाली गर्न निर्देशन दिएको हो।

समितिका सूचना अधिकारी टोपबहादुर बानियाँका अनुसार सरकारले सुरुमा २५ हजार रुपैयाँ एकमुष्ट र त्यसपछि मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ। सोहीअनुसार खाता खोलेर पाँच दिनभित्र रकम लिएर जान सूचना जारी गरिएको उनले बताए।

उनका अनुसार उक्त सूचना सबै होल्डिङ सेन्टरमा टाँस गरिएको छ।


हाल होल्डिङ सेन्टरमा ३८८ घरपरिवार रहेका छन्। उनीहरूको स्क्रिनिङ (छानबिन) कार्य सम्पन्न भइसकेको समितिले जनाएको छ। होल्डिङ सेन्टरबाहिर रहेका सुकुमवासीहरूको हकमा भने रंगशालामा छानबिन प्रक्रिया जारी रहेको छ।

समितिका अनुसार सुकुमवासी बस्ती भत्काएपछि नाम दर्ता गराउन आएका २ हजार ६०८ जनामध्ये ३८८ जना होल्डिङ सेन्टरमा बसिरहेका छन् भने बाँकी बाहिर आफैं व्यवस्थापन गरेर बसेका छन्।

सूचना अधिकारी बानियाँका अनुसार यो सुविधा वास्तविक सुकुमवासीहरूका लागि हो। उनले होल्डिङ सेन्टरमा रहेका परिवारले पनि सरकारी सुविधा लिएर स्व(व्यवस्थापनतर्फ जाने अपेक्षा गरिएको बताए। सरकारले आगामी दिनमा स्थानान्तरणपछि देखिने अवस्थाबारे थप आवश्यक निर्णय गर्ने जनाएको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार

-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# आँप महोत्सव : कृषिलाई बजारसँग जोड्ने माध्यम

धनुषाको वटेश्वर गाउँपालिका-१ चित्रपुरमा सम्पन्न तीनदिने आँप महोत्सवले मधेशको कृषि क्षेत्रका लागि सकारात्मक सन्देश दिएको छ । करिब ५० लाख रुपैयाँ बराबरको कारोबार भएको तथ्यले स्थानीय कृषकको उत्पादन क्षमता, उपभोक्ताको आकर्षण तथा कृषि बजारको सम्भावनालाई उजागर गरेको छ। यस्ता महोत्सव केवल व्यापारिक कार्यक्रम मात्र नभई कृषि उत्पादन, पर्यटन र स्थानीय अर्थतन्त्रलाई जोड्ने प्रभावकारी माध्यमका रूपमा स्थापित हुँदै गएका छन्।

मधेश प्रदेश कृषि उत्पादनका लागि उर्वर भूमि मानिन्छ। पछिल्ला वर्षहरूमा यहाँ आँप खेती विस्तार हुँदै गएको छ र चित्रपुर क्षेत्र गुणस्तरीय आँप उत्पादनका लागि परिचित बन्दै गएको छ। मालदह, दशहरी, जर्दालु, आम्रपाली तथा अन्य जातका आँपले बजारमा राम्रो पहिचान बनाएका छन्। महोत्सवमार्फत यस्ता उत्पादनलाई प्रत्यक्ष रूपमा उपभोक्तासमक्ष पुऱ्याउने अवसर प्राप्त भएको छ ।

नेपालका अधिकांश कृषकले उत्पादन बिक्रीका क्रममा बजार व्यवस्थापनको समस्या भोग्दै आएका छन्। उचित मूल्य नपाउने, बिचौलियाको प्रभाव र भण्डारणको अभावका कारण किसानको मेहनतअनुसार प्रतिफल प्राप्त हुँदैन। चित्रपुरको आँप महोत्सवले भने कृषक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्दै किसानलाई आफ्नो उत्पादन बिक्री गर्ने सहज वातावरण उपलब्ध गराएको छ। यसले कृषकको मनोबल बढाउनुका साथै कृषि पेशाप्रति आकर्षणसमेत बढाउने अपेक्षा गर्न सकिन्छ।

यस्ता महोत्सवले कृषि पर्यटनको सम्भावनालाई पनि उजागर गर्छन्। आँपका बगैंचा, स्थानीय खानाका परिकार, सांस्कृतिक कार्यक्रम र ग्रामीण परिवेशले आगन्तुकलाई आकर्षित गर्छ। यसबाट स्थानीय होटल, यातायात तथा साना व्यवसायले समेत लाभ लिन सक्छन्। कृषि र पर्यटनलाई एकसाथ अघि बढाउन सकिए ग्रामीण अर्थतन्त्रलाई थप गतिशील बनाउन सकिन्छ।

तर यस्ता कार्यक्रमको सफलता केवल महोत्सव सम्पन्न हुनुमा सीमित रहनु हुँदैन। स्थानीय उत्पादनको ब्राण्डिङ, प्रशोधन, प्याकेजिङ र दीर्घकालीन बजार व्यवस्थापनमा पनि ध्यान दिन आवश्यक छ। आँपबाट विभिन्न प्रशोधित वस्तु उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विस्तार गर्न सकिए कृषकको आम्दानी अझ वृद्धि हुन सक्छ।

चित्रपुरको आँप महोत्सवले कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र बजारमुखी बनाउने सम्भावना देखाएको छ। अब स्थानीय तह, प्रदेश सरकार र सम्बन्धित निकायले यस्ता पहललाई निरन्तरता दिँदै कृषि उत्पादनलाई आर्थिक समृद्धिको आधार बनाउनेतर्फ ध्यान दिनुपर्छ। कृषिलाई सम्मानजनक र लाभदायी व्यवसायका रूपमा स्थापित गर्न यस्ता महोत्सवहरूको भूमिका अझ महत्वपूर्ण रहनेछ।

# कपाल कसरी कोर्ने? कति पटक कोर्ने?

*सोफिया क्वाग्लिया*

जब म आफ्नो कपालको निर्णय आफैँ लिन सक्ने उमेरकी भएँ, त्यतिबेलादेखि नै मेरो कपाल ढाडको तल्लो भागसम्म लामो थियो। हुर्कंदै गर्दा मैले भेटेको हरेक अवसरमा कपाल कोर्ने गर्थें- बिहान उठ्ने बित्तिकै, बाथरुम जाँदा, र कतिपय अवस्थामा त गृहकार्य (होमवर्क) बाट थोरै फुर्सद पाउँदा पनि कपाल कोर्न थालिहाल्थेँ।

त्यसबेला म १८०० को दशककी अस्ट्रियाकी महारानी 'सिसी' लाई सम्झँदै कपाल कोर्ने गरिरहन्थेँ। मेरो जस्तै सीधा र खैरो कपाल भएकी उनको कपाल गोलीगाँठोसम्म लामो थियो। उनले हरेक रात आफ्नो कपाललाई स्वस्थ राख्न १०० पटक कपाल कोर्ने गर्ने गरेको कथन थियो। (यो कथालाई मैले लामो समयसम्म अकाट्य सत्य मानेर विश्वास गरेँ, तर यो लेख लेख्ने क्रममा अनुसन्धान गर्दा मात्र थाहा भयो कि त्यो त संसारभरका हजुरआमाहरूले सुनाउने एउटा दन्त्यकथा मात्र रहेछ !)

अहिले वयस्क भइसकेपछि म केवल नुहाउने समयमा मात्र कपाल र म्रोसँग कोर्ने गर्छु। तर पनि मेरो कपाल पहिले जस्तै देखिन्छ र उस्तै स्वस्थ महसुस हुन्छ।

भिक्टोरियन युगका ती कथाहरूमा केही सत्यता भए तापनि, कपाल कति पटक कोर्नुपर्छ भन्ने पछाडिको विज्ञान निकै जेलिएको छ। यसबारे भौतिकशास्त्रीदेखि लिएर कपाल विशेषज्ञ (हेयर ड्रेसर) सम्मका मानिसहरू अनुसन्धान गरिरहेका छन्। यसको सही जवाफ तपाईंको कपालको प्रकार, काइँयो वा ब्रसको ढाँचा र तपाईंको दैनिक दिनचर्यामा निर्भर गर्दछ।

***कपाल कोर्ने इतिहास र परम्परा***

कपाल कोर्ने र यसको हेरचाह गर्ने परम्परा प्रागैतिहासिक कालदेखि नै चल्दै आएको हो। 'मानिसहरूले परापूर्व कालदेखि नै आफ्नो सरसफाइ र सौन्दर्यका लागि उपलब्ध स्रोतसाधनको प्रयोग गरेर औजारहरू बनाउँदै आएका छन्, त्यसैले इतिहासभरि नै कपालको हेरचाह विश्वव्यापी रूपमा महत्त्वपूर्ण रहेको देखिन्छ,' द हेयर हिस्टोरियनकी संस्थापक रेचल गिब्सन भन्छिन्।

रातमा १०० पटक कपाल कोर्ने अवधारणा भिक्टोरियन युगबाट सुरु भएको मानिन्छ। त्यस समयमा सामाजिक मान्यताका कारण महिलाहरूले निकै लामो कपाल पाल्ने गर्दथे। कपाललाई उनीहरूको 'सौन्दर्यको ताज' र नारीत्वको प्रतीक मानिन्थ्यो, गिब्सन भन्छिन्। त्यतिबेला कपालको हेरचाह गर्दा सुरुमा काँयोले अल्झिएको कपाल फुकाइन्थ्यो, र कपालमा भएका फोहोर, धुलो तथा जुम्राहरू निकालिन्थ्यो। त्यसपछि 'बदेलको रौं'बाट बनेको प्राकृतिक ब्रसले कपाललाई चिल्लो बनाउन र कपालको प्राकृतिक तेललाई सबैतिर फैलाउन काइँयो लगाउने वा ब्रस गरिन्थ्यो।

त्यस समयका सम्भ्रान्त भिक्टोरियन महिलाहरूले कपाल कोर्दा कपडामा रौं नझुन्डिनका लागि विशेष प्रकारको केप प्रयोग गर्थे र झरेका रौंहरूलाई एउटा भाँडोमा जम्मा गरेर राख्थे, जसलाई पछि कपालको जुडो वा हेयर स्टाइलमा भोल्युम (चुकुल) थप्न प्रयोग गरिन्थ्यो।

सन् १८९८ मा ओहायो, अमेरिकाकी एक अफ्रिकी-अमेरिकी हेयरड्रेसर लाइडा न्यूम्यानले पहिलो पटक सिन्थेटिक (कृत्रिम) रौं भएको ब्रसको आविष्कार गरिन्। यसले कपाल कोर्ने ब्रसको उत्पादन लागत सस्तो बनायो र बजारमा यसको पहुँच बढाएर कपालको हेरचाहमा क्रान्ति नै ल्याइदियो। तर, यससँगै कपालसम्बन्धी केही भ्रमहरू पनि बजारमा फैलिए।

***कपालको भौतिक विज्ञान र जटिलता***

धेरै पटक कपाल कोर्दा कपाल तीव्र रूपमा बढ्छ भन्ने एउटा आम धारणा छ। सन् २०२५ मा गरिएको एक सर्वेक्षण अनुसार अझै पनि ४६ प्रतिशतभन्दा बढी मानिसहरू यो कुरामा विश्वास गर्छन्। तर, क्यालिफोर्नियाकी सैलुन सञ्चालक निक्की कोर्जिनका अनुसार यो पूर्णतः भ्रम मात्र हो। धेरै ब्रस गर्दैमा कपाल चाँडो बढ्दैन।

वैज्ञानिकहरूले कपाल कोर्दा हुने क्षति र यसको प्रभाव मापन गर्न विभिन्न शुत्रहरू तयार पारेका छन्। उनीहरूका अनुसार अत्यधिक रूपमा कपाल कोर्दा वा ब्रस गर्दा कपालको जरा खुकुलो हुने र कपाल झर्ने समस्या हुन सक्छ।

अनुसन्धानकर्ताहरूको एउटा टोलीले दुईवटा कपालका रौंहरू आपसमा अल्झिँदा र त्यसलाई जबरजस्ती तनेर फुकाउँदा के हुन्छ भन्नेबारे प्रयोगशालामा परीक्षण गऱ्यो। नतिजा अनुसार, धेरै पटक जोडसँग कपाल कोर्दा कपाल भित्रैदेखि टुट्ने पाइयो। स्वस्थ कपाल भएका मानिसहरूमा पनि निरन्तरको दबाबले गर्दा कपालको बाहिरी भागबाट भित्री भागसम्म धाँजा पर्ने वा चुँडिने समस्या देखियो।

'हाम्रो बुझाइमा कपाल दुईवटा हाँगामा टुट्नुको मुख्य कारण नै यही हो, किनभने कपाल बढी बाङ्गिँदा त्यसमा अत्यधिक तनाव उत्पन्न हुन्छ,' ट्रिनिटी कलेज डब्लिन, आयरल्यान्डका इन्जिनियरिङका प्राध्यापक डेभिड टेलर भन्छन्, 'वास्तवमा हामीले कति पटक कपाल कोऱ्यौं भन्ने संख्या भन्दा पनि कपाल कोर्दा कति बल वा बलियो दबाब दियौं भन्ने कुराले बढी क्षति पुऱ्याउँछ।'

'ट्राइ प्रिन्स्टन' (TRI Princeton) नामक कपाल अनुसन्धान संस्थाका ट्रेफोर इभान्सले पनि कपाल कोर्ने प्रक्रियाले कपालमा 'क्रोनिक थकान वा क्षति' (Cumulative fatigue damage) पुऱ्याउने तथ्याङ्कीय पुष्टि गरेका छन्।

यद्यपि, प्रयोगशालाको यो नतिजा र व्यावहारिक जीवनमा केही फरक हुन सक्ने उनी बताउँछन्। धेरैजसो मानिसका लागि कपालमा गरिने रासायनिक वा तापयुक्त उपचारको तुलनामा सामान्य काइँयो लगाँदा वा ब्रस गर्दा हुने क्षति निकै न्यून हुन्छ। इभान्सका अनुसार कपाल कोर्दा हुने क्षति 'क्षतिको ठूलो महासागरमा सानो थोपा' जस्तै मात्र हो।

***कपाल कोर्नुका लुकेका फाइदाहरू***

'हल्का र सही तरिकाले कपाल कोर्नु हानिकारक होइन,' कोर्जिन भन्छिन्, 'समस्या कपाल कोर्नुमा होइन, कसरी कोरिन्छ भन्नेमा हो।'

नियमित रूपमा कपाल कोर्दा कपालमा ठूला गिँर्खाहरू पर्न पाउँदैनन् र कपाल गुजिल्टिनबाट जोगिन्छ। जसले गर्दा पछि कपाल कोर्दा जबरजस्ती तान्नु पर्दैन र कपाल टुट्न पाउँदैन। 'हप्तामा एक पटक मात्र जबरजस्ती कपाल कोर्नु भन्दा दिनमा एक वा दुई पटक हल्कासँग कोर्नु निकै फाइदाजनक हुन्छ,' कपालको हेरचाहसम्बन्धी ब्रान्ड सञ्चालन गरिरहेका बायोकेमिस्ट जेरेड रेनाल्ड्स भन्छन्।

नियमित कपाल कोर्दा टाउकोको छालामा जम्मा भएका मरेका कोषहरू, झरेका कपाल र फोहोरहरू बाहिर निस्कन्छन्। यदि यी फोहोरहरू टाउकोमै जमिरहे भने यसले छालामा चिलाउने वा सङ्क्रमण गराउन सक्छ।

***कपाल कसरी कोर्ने?***

कपाल कोर्ने सबैभन्दा उत्तम तरिका तपाईंको कपालको प्रकारमा भर पर्छ। मियामी, अमेरिकाकी सैलुन सञ्चालक निकोला लिन्चका अनुसार सीधा (क्तचबष्नजत) वा हल्का घुम्रिएको (ध्बखथ) कपाल भएका मानिसहरूले हप्तामा कम्तीमा तीन पटक वा आवश्यकता अनुसार दिनमा दुई पटकसम्म कपाल कोर्नु उपयुक्त हुन्छ।

'तर, सीधा वा हल्का घुम्रिएको कपाल भएकाहरूले कपाल भिजिरहेको (ध्भत जबष्च) अवस्थामा कहिल्यै पनि कोर्नु हुँदैन,' लिन्च भन्छिन्। भिज्दा कपाल बाक्लो र बलियो महसुस भए तापनि यो वास्तवमा निकै कमजोर अवस्थामा हुन्छ।

यसको वैज्ञानिक कारण के हो भने, कपालको रौं मुख्य दुई भागले बनेको हुन्छ- भित्री भाग (ऋयचतभह) र बाहिरी भाग (ऋगतष्अभि)। बाहिरी भाग हाम्रो नङ जस्तै केराटिन नामक प्रोटिनको तहले बनेको हुन्छ, जुन घरको छानामा टायल खप्ट्याएर राखिए जस्तै मिलेर बसेको हुन्छ। जब सीधा कपाल भिज्छ, ती टायलका प्रकृतिका तहहरूका किनाराहरू खुल्छन् र तन्किन्छन्, जसले गर्दा कपाल सजिलै टुट्ने वा बीचैमा काटिने सम्भावना बढी हुन्छ।

अर्कोतर्फ, अत्यधिक घुम्रिएको वा कर्ली कपाल भएका मानिसहरूका लागि भने यो नियम ठ्याक्कै उल्टो हुन्छ। उनीहरूले कपाल सुक्खा भएको बेला कहिल्यै कोर्नु हुँदैन। उनीहरूले केवल नुहाउने वा कपाल धुने समयमा मात्र अल्झिएको कपाल फुकाउनुपर्छ।

स्पेलम्यान कलेज, जर्जियाकी रसायनशास्त्रकी प्राध्यापक मिशेल गेन्सका अनुसार घुम्रिएको कपालको भौतिक र रासायनिक गुण सीधा कपालको भन्दा निकै फरक हुन्छ। उनले टेक्सचर्ड कपालको प्रकारलाई वैज्ञानिक रूपमा वर्गीकरण गर्ने विधि विकास गरेकी छन्। उनका अनुसार कपाल जति बढी घुम्रिएको वा जेलिएको हुन्छ, त्यसमा हुने रासायनिक बन्डहरू पनि परिवर्तन हुन्छन्, जसले कपालको मजबुती र टुट्ने प्रक्रियालाई असर गर्छ।

गेन्सको प्रारम्भिक अनुसन्धानले के देखाउँछ भने, घुम्रिएको कपालमा क्युटिकलको पत्रहरू साना र निकै बाक्ला हुन्छन्, जसका कारण कपालले लामो समयसम्म ओस वा चिस्यान सोसेर राख्न सक्दैन र कपाल चाँडै सुक्खा भई अल्झिने र टुट्ने गर्दछ।

यसबाहेक, आधुनिक फेसनका नाममा कपाललाई सिधा बनाउने (स्ट्रेट), रिल्याक्सिङ गर्ने वा थप कपाल बाट्ने (ब्राइडिङ) जस्ता अत्यधिक केमिकल र मेसिन प्रयोग गर्दा कपालमा झन् ठूलो क्षति पुग्ने प्रा.डा. गेन्स बताउँछन्। त्यसैले, यस्तो कपाल भएका मानिसहरूले कपाल कोर्नुअघि अल्झिएको फुकाउने कन्डिसनर वा 'डिट्याङ्गलिंग' क्रिम वा सिरमको प्रयोग गर्नु आवश्यक हुन्छ ताकि काँयो वा ब्रस सजिलैसँग चिप्लियोस् र कपाल नतन्कियोस्।

***सही काइँयो वा ब्रसको छनोट***

कपाल जुनसुकै प्रकारको भए पनि सही काइँयो वा ब्रसको छनोट गर्नु सबैभन्दा महत्त्वपूर्ण पक्ष हो।

'यदि तपाईंको कपाल घुम्रिएको छ, वा सीधा कपाललाई नै भिजेको बेला कोर्नुपर्ने बाध्यता छ भने, कहिल्यै पनि कडा काइँयोको प्रयोग नगर्नुहोस्। यसका लागि बजारमा पाइने लचिलो र नरम दाँत भएको विशेष काइँयो वा ब्रस प्रयोग गर्नुस्,' लिन्च सल्लाह दिन्छिन्।

सुक्खा कपालका लागि भने टाउकोको छालालाई अनुकूल हुने र प्राकृतिक तेललाई कपालको टुप्पोसम्म पुऱ्याउन मद्दत गर्ने नरम काइँयो वा ब्रस प्रयोग गर्नुपर्छ।

कपालको यही संवेदनशीलतालाई ध्यानमा राखेर अहिले वैज्ञानिक तथा विशेषज्ञहरूले प्लास्टिकका लामा दाँत र बदेलको रौं जस्ता साना काइँयो र ब्रसहरू मिसाएर 'हाइब्रिड ब्रस' समेत बनाइरहेका छन्। यसले कपालको अल्झिएको भाग पनि सजिलै फुकाउँछ, कपाललाई चम्किलो बनाउँछ र यसको प्राकृतिक स्वस्थता पनि कायम राख्छ।

इतिहास हेर्ने हो भने, इस्वी संवत् पूर्व ३२०० भन्दा अगाडिका इजिप्टका चिहानहरूमा हात्तीको दाँतबाट बनेका काइँयोहरू र रुखका हाँगाहरूबाट बनेका ब्रसहरू भेटिएका थिए। भविष्यमा कपालको रसायन र भौतिक विज्ञानको बुझाइ अझ फराकिलो हुँदै जाँदा कपाललाई सुरक्षित राख्ने अझ नयाँ र वैज्ञानिक प्रविधिहरू आउने निश्चित छ। *बीबीसीबाट भावानुवाद*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# खुला दिसामुक्त घोषणा, मुसहर बस्ती शौचालयविहीन



जनकपुरधाम, ९ असार । नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको करिब आठ वर्ष बितिसक्दा पनि धनुषाको एक मुसहर दलित बस्तीका स्थानीय अझै खुला स्थानमा शौच गर्न बाध्य छन् । सरकारको खुला दिसामुक्त अभियान र सरसफाइ क्षेत्रमा गरिएको लगानीका बाबजुद धनुषाको सहिदनगर नगरपालिका(५ स्थित पचहर्वा मुसहर बस्तीका अधिकांश परिवार खुला स्थानमा शौच गर्न बाध्य छन् ।

सो बस्तीका उर्मिला सदाका लागि खुला स्थानमा शौच गर्नु दैनिक जीवनको बाध्यता बनेको छ । घरमा शौचालय नहुँदा उहाँ राति वा बिहान सबेरै अँध्यारोमा शौच गर्न खेततिर जानुहुन्छ । “खुला ठाउँमा शौच गर्दा लाज लाग्छ, कतिपय खेतधनीले गालीसमेत गर्छन्”, उहाँ भन्नुहुन्छ, “यो समस्या महिलाका लागि झन् जटिल बनेको छ ।”

एक सयभन्दा बढी घरधुरी रहेको उक्त बस्तीमा तीन घरमा मात्र शौचालय रहेको छ । बाँकी परिवारले वर्षौंदेखि खेतबारी, बाँसघारी र खोल्साका किनारामा दिसापिसाब गर्दै आएका छन् । उक्त वडा २०७५ सालमै खुला दिसामुक्त घोषणा गरिएको थियो । तर दलित समुदायको यो बस्ती भने सरसफाइ सुविधाको पहुँचबाट टाढै रहेको छ ।

स्थानीय शोभेन्द्र सदाका अनुसार बस्तीमा करिब ३७० जनाको बसोबास छ । वृद्धवृद्धा, महिला, पुरुष र बालबालिकासमेत खुला स्थानमै शौच गर्न बाध्य छन् । कतिपय परिवारसँग शौचालय निर्माणका लागि आवश्यक जग्गा छैन भने कतिपयले आर्थिक अभावका कारण निर्माण गर्न नसकेको स्थानीय परमदेवी सदाको भनाइ छ । केहीले भने सरकारी सहयोगको आशामा शौचालय निर्माण नगरेको उहाँ बताउनुहुन्छ ।

परमदेवीका अनुसार महिला राति पुरुष सुतेपछि वा बिहान उज्यालो हुनुअघि खेततिर जान बाध्य छन् । “खुला ठाउँमा बस्दा सर्प तथा विषालु किराको डर हुन्छ, कसैले देख्ला कि भन्ने चिन्ता पनि उत्तिकै हुन्छ”, उहाँ भन्नुहुन्छ, “वर्षायाममा खेत डुबान हुँदा समस्या अझ गम्भीर बन्ने गर्छ ।”

उक्त बस्तीका अधिकांश परिवार सुकुमवासी छन् । उहाँहरूसँग न पर्याप्त जग्गा छ, न शौचालय निर्माण गर्न आवश्यक आर्थिक स्रोत नै । बसोबास गरिरहेको सानो घरबाहेक अन्य जमिन नभएकाले ती बस्तीका स्थानीय अरुको खेतबारीमा निर्भर हुनुपरेको छ । यसले सरसफाइ मात्र होइन, मानव मर्यादा र सुरक्षासँग सम्बन्धित प्रश्न उठाएको स्थानीय रामदयाल सदाको भनाइ छ ।

रामदयालका अनुसार खुला दिसापिसावका कारण बस्ती वरपरको वातावरण फोहर बन्दै गएको छ । “शौचालय अभावका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगको जोखिम बढेको छ”, उहाँ भन्नुहुन्छ, “सरसफाइको कमीले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुने गरेका छन् ।”

हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै एक हजारभन्दा बढी परिवार शौचालयविहीन छन् । धनुषाको सबैला नगरपालिका, विदेह नगरपालिका, मिथिला विहारी नगरपालिका तथा क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहका विपन्न बस्तीमा अझै शौचालयको समस्या रहेको उहाँको भनाइ छ ।

नेपाललाई २०७५ सालमा खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो । त्यसबेला दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको दाबी गरिएको थियो । तर पचहर्वा मुसहर बस्तीको यथार्थले घोषणाको प्रभावकारितामाथि प्रश्न उठाएको छ । सरसफाइ अभियानका नाममा अर्बौं रुपैयाँ खर्च भए पनि विपन्न, दलित र सुकुमवासी समुदायसम्म आधारभूत सुविधा पुग्न नसक्नु चुनौतीका रूपमा देखिएको सहिदनगर नगरपालिकाका स्थानीय युवा कमलेश यादव बताउनुहुन्छ । विपन्न दलित समुदायको आधारभूत सरसफाइको अधिकार सुनिश्चित नभएसम्म खुला दिसामुक्त राष्ट्रको उपलब्धि पूर्ण रूपमा सार्थक हुन नसक्ने उहाँको भनाइ छ । रासस

# चार अध्यादेशको भविष्य अन्योलमा

दैनिक समाचारदाता

काठमाडौं, ९ असार । सरकारले संसद् अधिवेशन नभएको बेला जारी गरेका आठमध्ये चार वटा अध्यादेशको भविष्य अन्योलमा परेको छ। संसद्बाट स्वीकृतिको प्रक्रिया अघि बढ्न नसक्दा ती अध्यादेश अलपत्र पर्ने अवस्थामा पुगेका हुन्।

अलपत्र परेका अध्यादेशमा सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश(२०८३, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश(२०८३, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश(२०८३ तथा केही नेपाल ऐन संशोधन अध्यादेश(२०८३ रहेका छन्।

सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेशमार्फत ११० भन्दा बढी कानुन संशोधन गरिएको थियो। उक्त अध्यादेशले राजनीतिक आधारमा नियुक्त गरिएका सार्वजनिक पदाधिकारीलाई पदमुक्त गर्ने व्यवस्था गरेको थियो। सोही व्यवस्थाअनुसार सार्वजनिक संस्थान, नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिभिजन, प्रेस काउन्सिललगायत विभिन्न निकायमा नियुक्त भएका १५ भन्दा बढी पदाधिकारी पदमुक्त भइसकेका छन्।

सरकारले सार्वजनिक निकायमा नियुक्ति प्रक्रियालाई थप पारदर्शी र प्रतिस्पर्धी बनाउने उद्देश्यले कानुन संशोधन गरिएको दाबी गरे पनि ती व्यवस्था ऐनमा रूपान्तरण गर्ने प्रक्रिया भने अघि बढ्न सकेको छैन।

यता सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण निवारण अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश तथा सहकारी (पहिलो संशोधन) अध्यादेश भने ऐनमा रूपान्तरण हुने प्रक्रियामा अघि बढेका छन्। प्रतिनिधिसभा र राष्ट्रिय सभाले यी अध्यादेशहरू असार ५ गते स्वीकृत गरिसकेका छन् भने सम्बन्धित मन्त्रालयहरूले प्रतिस्थापन विधेयक संसद्मा दर्ता गरिसकेका छन्।

संविधानअनुसार संसद् अधिवेशन नरहेको अवस्थामा सरकारले अध्यादेश जारी गर्न सक्छ। तर अध्यादेश संसद्को पहिलो बैठकमै पेश गर्नुपर्ने व्यवस्था छ। सोहीअनुसार गत वैशाख २८ गते प्रतिनिधिसभा र राष्ट्रिय सभामा अध्यादेशहरू पेश गरिएको थियो।

अध्यादेशलाई स्थायी कानुनी मान्यता दिन संसद्बाट स्वीकृत गरी प्रतिस्थापन विधेयकमार्फत ऐनमा रूपान्तरण गर्नुपर्ने हुन्छ। अधिवेशन सुरु भएको मितिबाट ६० दिनभित्र यो प्रक्रिया पूरा नभए अध्यादेशमार्फत गरिएका नयाँ व्यवस्था तथा संशोधित कानुनी प्रावधान स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ।

वैशाख २८ गतेबाट गणना हुने ६० दिने अवधि सकिन अब केही सातामात्र बाँकी रहेको छ। तर संसद्बाट स्वीकृतिको प्रारम्भिक चरणसमेत पार गर्न नसकेका चार अध्यादेशको प्रक्रिया अझै अघि बढ्न सकेको छैन।

संसद्मा विधेयक दर्ता भएपछि सैद्धान्तिक छलफल, संशोधन प्रस्तावका लागि ७२ घण्टे समय, दफावार छलफल तथा दुवै सदनबाट पारित हुने प्रक्रिया पूरा गर्नुपर्ने भएकाले समय अभावका कारण ती अध्यादेशको भविष्य थप अनिश्चित बनेको छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राजनीतिक दलहरूबीच सहमतिको प्रयास जारी रहेको बताउँदै सहमति भएका अध्यादेश मात्र अगाडि बढेको जानकारी दिएकी थिइन्।

सरकारलाई प्रतिनिधिसभामा पर्याप्त समर्थन भए पनि राष्ट्रिय सभामा आवश्यक राजनीतिक सहमति जुटाउन कठिनाइ भइरहेका कारण केही अध्यादेश अघि बढ्न सकेका छन् भने चार वटा अध्यादेश अझै अलपत्र परेका छन्।






# ‘कांग्रेस जनसेवामा समर्पित हुनुपर्छ’

झापा, ९ असार । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विगतका राजनीतिक निर्णय, सत्ता केन्द्रित प्रवृत्ति र अस्थिर गठबन्धनका कारण पार्टीप्रति जनतामा असन्तुष्टि बढेको स्वीकार्दै अब कांग्रेस जनमुखी राजनीतिमा फर्कनुपर्ने बताउनुभएको छ । झापाको बिर्तामोडमा आज आयोजित कांग्रेसको जिल्लास्तरीय कार्यकर्ता भेटघाटमा उहाँले अब सरकार बनाउने अङ्क गणितभन्दा जनताको मन जित्ने राजनीतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

सभापति थापाले स्पष्ट राजनीतिक आधारविना अन्य दलसँग गठबन्धन गर्ने, पुनः त्यही गठबन्धन तोड्ने प्रवृत्ति, सीमित नेताहरूको प्रधानमन्त्री बन्ने आकाङ्क्षा तथा सत्ता भागबण्डाको राजनीतिले कांग्रेसको छवि कमजोर बनाएको बताउनुभयो । त्यसको परिणाम स्वरूप निर्वाचनमा पराजित उम्मेदवारप्रति मात्र नभई कांग्रेसप्रति नै जनताले असन्तुष्टि व्यक्त गरेको उहाँको भनाइ थियो ।अहिलेको सबैभन्दा ठुलो चुनौती जनताको गुमेको भरोसा पुनः स्थापित गर्नु रहेको उल्लेख गर्दै सभापति थापाले देशका समस्या बुझेर समाधान गर्न सक्ने क्षमता अझै पनि कांग्रेससँग रहेको दाबी गर्नुभयो ।

“कांग्रेस संसद्बाट जन्मिएको पार्टी होइन, कांग्रेसले संसद् जन्माएको पार्टी हो”, उहाँले भन्नुभयो, “प्रधानमन्त्री बन्ने मोहका कारण पार्टीको प्रतिष्ठा र जनविश्वासमा क्षति पुगेको हो ।”

पार्टीका उपसभापति विश्वप्रकाश शर्माले मुद्दा लागेका सांसदलाई पनि निलम्बन नहुने व्यवस्था ल्याइएको प्रति असन्तुष्टि व्यक्त गर्दै त्यसले सुशासनको मान्यतालाई कमजोर बनाउने बताउनुभयो । विगतका कमजोरी नेतृत्वको मात्र नभई आफ्नै पनि रहेको स्वीकार्दै पार्टीले आत्मालोचना गरिसकेको उहाँको भनाइ छ ।उहाँले झापाका चिया उद्योगसँग सम्बन्धित समस्या वार्तामार्फत समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो ।

भूमिहीन सुकुमवासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने, बाहुनडाँगी क्षेत्रमा बढ्दो जङ्गली हात्तीको समस्याप्रति सरकार गम्भीर बन्नुपर्ने तथा विगतमा कांग्रेसको पहलमा निर्माण गरिएको विद्युतीय तारबारबाहेक प्रभावकारी काम हुन नसकेको उल्लेख गर्दै त्यसतर्फ विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा सहभागी नेताहरूले सङ्गठन सुदृढीकरण, जनतासँगको सम्बन्ध विस्तार, सुशासन, सामाजिक न्याय तथा स्थानीय समस्याको समाधानलाई कांग्रेसको आगामी राजनीतिक प्राथमिकताका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए । रासस

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मधेशका किसानलाई पानीसँगै मल र सिँचाइको चिन्ता

दैनिक समाचारदाता

जनकपुरधाम, ९ असार । असार लागेसँगै तराई(मधेशका जिल्लामा किसानहरू धान रोपाइँमा व्यस्त छन्। यस वर्ष समयअनुकूल वर्षा भए पनि पर्याप्त पानी नपुग्दा किसानहरू चिन्तित छन्। त्यसमाथि रासायनिक मल र सिँचाइको अभावले उनीहरू थप समस्यामा परेका छन्।

मधेश प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरी, बारा र रौतहट जिल्लामा धान प्रमुख बालीका रूपमा खेती गरिन्छ। तर यस वर्ष अनियमित वर्षा र बदलिँदो मौसमका कारण किसानहरूले दोहोरो चुनौती सामना गरिरहेका छन्।

सिँचाइ सुविधा नपुगेका अधिकांश क्षेत्रमा किसानहरू आकाशे पानीकै भरमा रोपाइँ गर्न बाध्य छन्। कतिपय स्थानमा सिँचाइको व्यवस्था भए पनि प्रणाली प्रभावकारी नहुँदा खेतमा पर्याप्त पानी पुग्न सकेको छैन।

जनकपुरधाम उपमहानगरपालिका(२० का किसान विजयप्रसाद राउत चार बिघा जग्गामा धान खेती गर्छन्। केही खेतमा रोपाइँ सम्पन्न भए पनि मलको अभावले चिन्ता बढेको उनी बताउँछन्। “धान रोपेपछि मल अत्यावश्यक हुन्छ, तर डिपोमा जाँदा मल छैन भनेर फर्काइन्छ,” उनले गुनासो गरे।

जनकपुरधाम(२४ का बद्री



साहले अरूको बोरिङबाट पानी ल्याएर रोपाइँ गरे पनि आवश्यक मल पाउन नसकेको बताए। समयमै मल र पानी उपलब्ध नहुँदा उत्पादन घट्ने चिन्ताले सताएको उनको भनाइ छ।

महोत्तरीको जलेश्वर उपमहानगरपालिका(१० का राघव ठाकुर र बलवा नगरपालिका(७ का सीताशरण पण्डितले पनि मल र सिँचाइ अभावका कारण खेतीपाती प्रभावित भएको बताएका छन्। “निर्वाचनका बेला किसानका समस्या समाधान गर्ने आश्वासन दिने नेताहरू अहिले किसानको पीडाप्रति बेखबर छन्,” पण्डितले दुःखेसो पोखे।

मधेश प्रदेशका अधिकांश जिल्लामा किसानहरूले यस्तै समस्या भोगिरहेका छन्। विशेषगरी बटैयामा खेती गर्ने किसानहरू थप मारमा परेका छन्। धनुषाको माछी झिटकैयाका रघुवीर यादवले उत्पादनको आधा हिस्सा जग्गाधनीलाई दिनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै मल र सिँचाइ अभावका कारण लागत बढ्ने र आम्दानी घट्ने बताए।

सर्लाहीको सलमपुरका गगनदेव झाले खेत, बिउ, मजदुर, मल र सिँचाइ व्यवस्थापनमा देखिएको असन्तुलनले कृषि क्षेत्र संकटतर्फ उन्मुख भएको बताए। “कतै खेत तयार छ तर बिउ छैन, कतै बिउ छ तर मजदुर छैनन्। अधिकांश बोरिङ र ट्युबवेल बिग्रिएका छन्। आकाशे पानीको भरमा कहिलेसम्म खेती गर्ने?” उनले प्रश्न गरे।

यता मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बर्खे धानलाई लक्षित गरी ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल प्रदेशका १३६ वटै स्थानीय तहमा पठाइसकिएको जनाएको छ।

मन्त्रालयका अनुसार, कृषि सामग्री कम्पनी लिमिटेडबाट प्राप्त युरिया तथा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट प्राप्त डीएपी मल स्थानीय तहमा वितरणका लागि पठाइएको छ। तर अधिकांश स्थानमा मल डिपो तथा किसानसम्म पुग्न नसकेको गुनासो आइरहेको छ।

जनकपुरधाम उपमहानगरपालिका- २३ का डिपो सञ्चालक कैलाश साहले स्थानीय तहबाट आवश्यक पत्राचार तथा पर्याप्त मल प्राप्त नभएकाले वितरणमा समस्या भएको बताए। उनका अनुसार अघिल्लो मौज्दातबाट केही मल वितरण भइरहेको भए पनि मागअनुसार आपूर्ति हुन सकेको छैन।

मन्त्रालयका मलसम्बन्धी गुनासो हेर्ने अधिकारी रवि बस्नेतले विभिन्न पालिकाबाट मल डिपोसम्म नपुगेको जानकारी प्राप्त भएको स्वीकार गर्दै समन्वयमार्फत छिट्टै किसानसम्म मल उपलब्ध गराउने प्रयास भइरहेको बताए।

रोपाइँको मुख्य समयमा मल र सिँचाइको समस्या समाधान हुन नसके मधेशको धान उत्पादनमा प्रत्यक्ष असर पर्ने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ। देशको कृषि उत्पादनमा महत्वपूर्ण योगदान दिने मधेशका किसान अहिले राज्यको प्रभावकारी हस्तक्षेपको प्रतीक्षामा छन्।

# अशोक राईद्वारा ‘समाजवादी पार्टी’ दर्ताको निवेदन



दैनिक समाचारदाता

काठमाडौं, ९ असार । अशोककुमार राई नेतृत्वको समूहले नयाँ राजनीतिक दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ। राई समूहले सोमबार ‘समाजवादी पार्टी’ नामक दल दर्ताका लागि आयोगमा औपचारिक निवेदन पेश गरेको हो।

नवगठित पार्टीको अध्यक्षमा अशोककुमार राई रहेका छन्। पार्टीका उपाध्यक्षहरूमा सुशीला श्रेष्ठ, राधादेवी तिमिल्सिना र दानबहादुर विश्वकर्मा चयन भएका छन्। त्यस्तै शरणकुमार राई उपमहासचिव तथा हेमन्तराज मान्डव्य, मनिकर कार्की र भीमबहादुर तामाङ सचिव पदमा रहेका छन्।

अध्यक्ष राईले आठ जना पदाधिकारीसहित २८ सदस्यीय केन्द्रीय समितिको नामावली संलग्न गर्दै दल दर्ताका लागि निवेदन दिएका हुन्।

यसअघि अशोक राई नेतृत्वको समूहले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल बाट अलग भएर जनता समाजवादी पार्टी गठन गरेको थियो। उक्त पार्टी विभाजनविरुद्ध उपेन्द्र यादवले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। सर्वोच्च अदालतले पार्टी विभाजनलाई कानुनी मान्यता नदिएपछि अशोक राई नेतृत्वको जसपा कानुनी रूपमा अस्तित्वविहीन बनेको थियो।

सर्वोच्च अदालतको फैसलापछि पार्टीविहीन बनेको राई समूहले नयाँ राजनीतिक दल दर्ताको प्रक्रिया अघि बढाएको हो।

दल दर्तापछि संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष राईले संगठनात्मक र राजनीतिक रूपमा आफूहरू एकताबद्ध रहेको उल्लेख गरे। उनले सर्वोच्च अदालतको फैसलाका कारण पार्टीको कानुनी हैसियतमा समस्या देखिएपछि नयाँ दल दर्ताको प्रक्रिया सुरु गरिएको बताए।

नवगठित समाजवादी पार्टीका सचिव मनिकर कार्कीका अनुसार पार्टीले नेपाली विशेषताअनुरूपको समाजवादलाई आफ्नो राजनीतिक लक्ष्य बनाएको छ। समावेशी लोकतन्त्र, सामाजिक न्यायसहितको संघीयता, सुशासन र समृद्धिलाई पार्टीको प्रमुख राजनीतिक कार्यदिशाका रूपमा अघि बढाइने उनले बताए। निर्वाचन आयोगबाट औपचारिक मान्यता प्राप्त भएपछि संगठन विस्तार तथा पार्टी निर्माण अभियानलाई देशव्यापी रूपमा सञ्चालन गरिने पनि कार्कीले जानकारी दिए।

# बजेट संशोधन नभए सरकार छाड्ने एमाले चेतावनी

दैनिक समाचारदाता

धनगढी, ९ असार । नेकपा एमाले सुदूरपश्चिम प्रदेश कमिटीले प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटप्रति असन्तुष्टि जनाएको छ। आइतबार धनगढीमा बसेको प्रदेश कमिटीको पूर्ण बैठकले बजेट संयुक्त सरकारको सहमति, नीति तथा कार्यक्रमविपरीत एकपक्षीय ढंगले ल्याइएको भन्दै आवश्यक संशोधन गर्न माग गरेको हो।

बैठकले बजेटमा आवश्यक संशोधन नगरिए संयुक्त सरकारमा सहभागी हुन नसक्ने निर्णयसमेत गरेको छ। निर्णयमा संयुक्त सरकारको सहमति र साझा एजेन्डालाई बेवास्ता गर्दै बजेट तर्जुमा गरिएको उल्लेख गर्दै संसदीय दललाई त्यसबारे आवश्यक पहल गर्न निर्देशन दिने जनाइएको छ।

एमालेले संघीय सरकारको आगामी बजेटप्रति पनि असन्तुष्टि व्यक्त गरेको छ। बैठकले सुदूरपश्चिम प्रदेश तथा विपन्न समुदायलाई बजेटमा पर्याप्त प्राथमिकता नदिएको भन्दै आलोचना गरेको छ। साथै ती क्षेत्रका लागि थप कार्यक्रम र बजेट विनियोजन गर्न संघीय सरकारसँग माग गरेको छ।

बैठकले नवलपरासीको सुस्तामा भारतीय सीमा सुरक्षा बल (बीएसएफ) ले सीमा स्तम्भ भत्काएको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै भारत सरकारलाई कूटनीतिक नोट पठाउन नेपाल सरकारसँग माग गरेको छ।

त्यसैगरी, प्रधानमन्त्रीले प्रतिनिधिसभा बैठकमा दिएको अभिव्यक्तिप्रति पनि एमालेले आपत्ति जनाएको छ। नेपालले समेत भारतीय भूमि अतिक्रमण गरेको भन्ने आशय व्यक्त गरिएको भन्दै उक्त अभिव्यक्ति



संसद्को अभिलेखबाट हटाउन माग गरिएको छ।

प्रदेश कमिटीको ११औँ पूर्ण बैठकले प्रधानमन्त्रीको उक्त अभिव्यक्ति तत्काल संसद्को रेकर्डबाट हटाउनुपर्ने निर्णय गरेको प्रचार तथा प्रकाशन विभाग प्रमुख भागरथी विष्टले जानकारी दिइन्।

पार्टीका प्रदेश अध्यक्ष कृष्णप्रसाद जैशीको अध्यक्षता तथा प्रदेश इन्चार्ज दामोदर भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकले किसानलाई वर्षे बाली लगाउने समयमा सहज रूपमा रासायनिक मल उपलब्ध गराउन सरकारसँग माग गरेको छ। साथै, संघीय सरकारका केही मन्त्रीहरूको अलोकतान्त्रिक अभिव्यक्ति र संवैधानिक आयोगका पदाधिकारीहरूलाई हतोत्साहित गर्ने गतिविधिप्रति भर्त्सना गर्दै सरकारलाई लोकतान्त्रिक आचरण पालना गर्न ध्यानाकर्षण गराइएको छ।

# सरकार ‘बाहिरको प्रभावमा’, स्वतन्त्रतामाथि असर परेको ठाकुरको आरोप

दैनिक समाचारदाता

काठमाडौं ९ असार । राष्ट्रिय सभाका सदस्य महन्थ ठाकुरले वर्तमान सरकारले मुलुकको स्वतन्त्रतामाथि असर पार्ने खालका गतिविधि गरिरहेको आरोप लगाएका छन्।


मंगलबार सङ्घीय संसद् अन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले सरकारले नेपाली जनताको हितभन्दा बाह्य मुलुकको हितमा काम गरिरहेको दाबी गरे।

ठाकुरले सरकारको प्राथमिकतामा देश र जनता नरहेको भन्दै असन्तुष्टि जनाए। उनका अनुसार राज्य संयन्त्र प्रभावकारी रूपमा काम नगरेको अवस्था (नन-फङ्सनिङ) जस्तो देखिएको छ।

बैठकमा उनले भने, “यो सरकार हाम्रो होइन, बाहिरवालाको सरकार जस्तो देखिन्छ। बाहिरका मानिसहरूलाई खुसी पार्ने गरी काम भइरहेको छ।”उनले सरकारका निर्णय र गतिविधिहरूले देशको स्वतन्त्रतामाथि नै असर पारिरहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरे।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४